कम्पनीको जारी पूँजी रु. १,५९,३०,००,०००/- को १५ प्रतिशतले हुने अर्थात प्रति कित्ता रु.१००/- अंकित दरका २३,८९,५०० कित्ता शेयर मध्ये ५ प्रतिशतले हुने अर्थात १,१९,४७५ कित्ता शेयर सामुहिक लगानी कोषहरुलाई बाँडफाँड गरी बाँकी रहने २२,७०,०२५ कित्ता साधारण शेयर सर्वसाधारणमा निष्काशन गरिएको छ।

दरखास्त दिनु पर्ने न्यूनतम् शेयर संख्या : १० कित्ता

दरखास्त दिन पाउने अधिकतम् शेयर संख्या : १०,००० कित्ता

दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शत्प्रतिशत भुक्तानी गर्नुपर्ने

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्स नेपाल लिमिटेड, काठमाण्डौंबाट मिति २०७८/०५/०८ मा इस्यूर रेटिङ्ग गराई "[CARE-NP-BB (Is) [Double BB (Issuer)]" प्रमाणपत्र प्राप्त गरेको छ। "[CARE-NP-BB (Is) [Double BB (Issuer)]" ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम (Moderate risk of default regarding timely servicing of financial obligations, in Nepal) रहेको भन्ने बुझिन्छ। Care Ratings Nepal Limited n] "CARE-NP AAA (Is)" देखि "CARE-NP D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा रेटिङ्ग "CARE-NP AAA (Is)" ले सकारात्मक आधार जनाउँछ भने "CARE-NP D (Is)" ले नकारात्मक आधारहरू जनाउँछ। सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा ग.२२(ट) मा उल्लेख गरिएको छ।

रेटिङ्ग प्रदान गरेको मिति : अगष्ट ९, २०२१ **बहाल रहने अवधिः अगष्ट ८, २०२२**

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७९/०२/११ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७९/०२/१२।

श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड
Swet-Ganga Hydropower & Construction Limited

का.म.न.पा.-४, शंखपार्क, धुम्बाराही, काठमाण्डौ, नेपाल, फोन नं. ०१-४३७२८२८, ४३७३०३०, ४०१५७८८
इमेलः sghcl@sanimahydro.com वेभसाइटः www.swetgangahydropower.com

आह्वान-पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

कम्पनीको नेटवर्थ सम्बन्धी विवरणः

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.व.०७५/७६	आ.व.०७६/७७	आ.व.०७७/७८	आ.व.०७८/७९	आ.व.०७९/८०	आ.व.०८०/८१
प्रति शेयर नेटवर्थ (रु.)	९६.०७	९२.२४	८९.८८	९६.१९	१०६.७०	११६.७८
प्रति शेयर आम्दानी (रु.)	(१.३३)	(३.९९)	(४.९२)	०.६६	१०.५१	१०.०७
संचित नाफा नोक्सान (रु. हजारमा)	(२१,०२९)	(४२,५७५)	(७१,१०७)	(६०,६६५)	१०६,८०७	२६७,२३९

साधारण शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मिति :	२०७९/०४/०४ गतेदेखि
निष्काशन बन्द हुने मिति (छिटोमा) :	२०७९/०४/०८ गते (बैंकिङ्ग समय पश्चात्) सम्म
निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०७९/०४/१८ गते (बैंकिङ्ग समय पश्चात्) सम्म

प्रति मेगावाट तथा कूल लागत सम्बन्धी विवरण :

श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेडद्वारा प्रवर्द्धित तल्लो लिखु जलविद्युत आयोजना (२८.१ मे.वा.) को निर्माण अवधिको ब्याज सहित (IDC) प्रति मेगावाट लागत रु.२२,६७,६१,५६६/- (अक्षरेपी बाइस करोड सठ्सठ्ठी लाख एकसठ्ठी हजार पाँच सय छैसठ्ठी मात्र) तथा कूल आयोजना खर्च रु ६,३७,२०,००,०००/- (अक्षरेपी छ अर्ब सैंतिस करोड विस लाख मात्र) अनुमान गरिएको छ।

विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण :

इजाजतपत्र वहाल रहने अवधि मिति २०७२/१२/२८ देखि २१०७/१२/२७ सम्म रहेकोले २८ वर्ष १० महिना बाँकी रहेको छ।

शेयर पूँजीमा लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण :

साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period) ७ वर्ष ७ महिना र डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १४ वर्ष ८ महिना रहेको छ।

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं।

१. कम्पनीको नाम : श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड (Swet-Ganga Hydropower & Construction Limited)।

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

यस कम्पनी "श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन प्राइभेट लिमिटेड" को नाममा मिति २०६१/११/१७ मा प्राइभेट कम्पनीको रुपमा स्थापना भई मिति २०७३/०६/१७ मा कम्पनी ऐन, २०६३ अनुसार प्रा.लि.बाट परिवर्तन भई पब्लिक लिमिटेडको रुपमा "श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड" को नाममा दर्ता भएको कम्पनी हो।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ४, शंखपार्क, धुम्बाराहीमा रहेको छ। आवश्यकता अनुसार सम्बन्धित कार्यालयको स्वीकृति लिई कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालय खोल्न सकिनेछ।

४. कारोवार गर्ने मुख्य स्थान :

यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. ४, शंखपार्क, धुम्बाराही, काठमाण्डौ र रामेछाप जिल्लाको लिखु तामाकोशी गाँउपालिका वडा नं. २ मा तल्लो लिखु जलविद्युत आयोजनाको कार्यालय रहेको छ।

५. कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संस्थाको मुख्य उद्देश्यहरु :

यस कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

(१) यस कम्पनी तल्लो लिखु जलविद्युत आयोजना (२८.१ मे.वा.) निर्माण तथा सञ्चालन गर्ने र अन्य विद्युत उत्पादन आयोजनामा लगानी गर्ने उद्देश्यका साथ मिति २०६१/११/१७ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट कम्पनीको रुपमा दर्ता भई मिति २०७३/०६/१२ मा पब्लिक लिमिटेड कम्पनीको रुपमा परिणत भई कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७३/०७/२३ मा कारोबार संचालन गर्ने अनुमति प्राप्त गरि कारोबार गर्दै आएको छ।

(२) यस कम्पनीले रामेछाप जिल्लाको लिखु तामाकोशी गाउँपालिका र ओखलढुङ्गा जिल्लाको लिखु गाउँपालिकाको सिमाना भएर बग्ने लिखु नदीको बहाव सदुपयोग हुने गरी २८.१ मे.वा. क्षमताको तल्लो लिखु जलविद्युत आयोजना निर्माण गरिरहेको छ। यो आयोजनाको सिभिल निर्माण ठेकेदार हाई हिमालय हाइड्रो-बाबरी कन्स्ट्रक्सन जे.भि., हाइड्रोमेकानिकल कार्यको निर्माण ठेकेदार माछापुच्छ्रे मेटल एण्ड मेशिनरी वर्क्स प्रा.लि., ईलेक्ट्रोमेकानिकल कार्यको आपूर्तिकर्ता एसिया प्यासिफिक पावर टेक कं. लि., चीन (Asia Pacific Power Tech Co., Ltd, China) रहेको र प्रसारण लाईनको निर्माण ठेकेदार एस्टर टेलिसर्भिसेस नेपाल प्रा.लि. रहेको छ। आयोजनाको इन्जिनियरिङ्ग डिजाइन तथा अन्य परामर्शका लागि सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा.लि. लाई चयन गरिएको छ। यस आयोजनाको मुख्य सिभिल संरचना निर्माण सम्झौता मिति २०७४ चैत्र ५ गते सम्पन्न भई मिति २०७५ बैशाख मसान्तबाट निरन्तर रुपमा निर्माण भइरहेको छ। यस आयोजनाबाट उत्पादन हुने विद्युतिय उर्जालाई २३ कि.मि., १३२ के.भी. को सिंगल सर्किट विद्युत प्रशारण लाईन मार्फत नेपाल विद्युत प्राधिकरणको प्रस्तावित न्यु खिम्ती सब-स्टेसनमा पुऱ्याई राष्ट्रिय प्रशारण प्रणालीमा समाहित गरिने छ। यस आयोजनाको कुल अनुमानित लागत रु. ६ अर्ब ३७ करोड २० लाख रहेको छ भने यस आयोजनाले मिति २०७८ मंसिर १५ देखि व्यापारिक उत्पादन सुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date - RCOD) तोकिएको भए तापनि विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को असरका कारण काबु बाहिरको परिस्थिति उत्पन्न भई नेपाल विद्युत प्राधिकरणबाट मिति २०७८ जेष्ठ २१ मा सार्वजनिक सूचना प्रकाशित गरी व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (RCOD) को म्याद थपका लागि आवेदन माग गरे बमोजिम यस कम्पनीले कुनै पनि हर्जाना नलाग्ने गरी २०७९ असार १ गते व्यापारिक उत्पादन शुरु गर्ने मिति तोकि पाउनको लागि नेपाल विद्युत प्राधिकरण समक्ष निवेदन गरेको छ। साथै सो कार्यको लागि नेपाल विद्युत प्राधिकरण, विद्युत व्यापार विभागबाट मिति २०७८/०९/२० गतेको पत्र बमोजिम नेपाल विद्युत प्राधिकरणको व्यवस्थापन समक्ष पेश गर्न सिफारिस गरेको छ। हालसम्म यस आयोजनाको सिभिल कार्य तर्फ करिब ८९%, हाइड्रोमेकानिकल कार्य तर्फ करिब ६४%, ईलेक्ट्रोमेकानिकल कार्य तर्फ करिब ६०% र प्रशारण लाइन तर्फ करिब ६३% प्रतिशत गरी समग्र निर्माण कार्य करिब ८३% प्रतिशत सम्पन्न भइसकेको छ।

(३) यस कम्पनीमा हाल ९ जना संस्थापक शेयरधनीहरु रहेका छन्। कम्पनीले जारी पूँजीको ७० प्रतिशत शेयर संस्थापक शेयरधनीहरुका लागि, १० प्रतिशत आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि, ५ प्रतिशत शेयर कर्मचारीहरुका लागि र १५ प्रतिशत शेयर सर्वसाधारणका लागि छुट्याई बाँडफाँड गर्ने व्यवस्था गरेको छ।

(४) यस कम्पनीले आयोजनाको सर्भेक्षण अनुमति पत्र मिति २०६५/०३/११ मा प्राप्त गरेको थियो। मिति २०७०/०१/१५ मा आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) स्वीकृत भएकोमा मिति २०७५/०८/२८ मा अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (Updated IEE) स्वीकृत भएको छ। आयोजनाको विद्युत उत्पादन अनुमति पत्र मिति २०७३/०१/०२ मा प्राप्त भएको थियो भने उक्त अनुमतिपत्रको पहिलो संशोधन मिति २०७७/१२/१८ मा प्राप्त भएको थियो। उक्त अनुमतिपत्र मिति २१०७/१२/२७ सम्म वहाल रहनेछ।

(५) यस कम्पनीले रामेछाप जिल्लाको लिखु तामाकोशी गाउँपालिका र ओखलढुङ्गा जिल्लाको लिखु गाउँपालिकाको सिमाना भएर बग्ने लिखु खोलाको बहावलाई सदुपयोग गरी नदी प्रवाहमा आधारित २८.१ मेगावाट क्षमताको तल्लो लिखु जलविद्युत आयोजनाको निर्माण गरिरहेको छ।

(६) आयोजनाको प्रमुख विशेषताहरु निम्नानुसार रहेको छः

स्रोत नदीको नाम	लिखु
ग्रस हेड	११९ मि.
जलाधार क्षेत्र	७१७.५४ वर्ग कि.मि.
औषत जल प्रवाह	४२.२९ घनमिटर प्रति सेकेण्ड
बाँधको लम्बाई तथा उचाई	५३ मि तथा ८.५ मि
मुहान, प्रकार	साईड मुहान ४ वटा ढोका भएको
विद्युत गृह	अर्ध सतही
टर्वाइन प्रकार, संख्या	भर्टिकल फ्रान्सीस, २ वटा
आयोजनाको किसिम	रन अफ दि रिभर
औषत वार्षिक उर्जा	१७०.८४२ गिगावाट प्रति घण्टा
प्रशारण लाइन	१३२ के.भि., सिंगल सर्किट
अपेक्षित व्यावसायिक उत्पादन शुरु मिति	२०७९/०३/०१
विद्युत उत्पादन अनुमति प्राप्त मिति	२०७३/०१/०२, २०७७/१२/१८ (पहिलो संशोधन)
विद्युत उत्पादन अनुमति वहाल रहने मिति	२१०७/१२/२७
जडित क्षमता	२८.१ मे.वा.
जम्मा प्रक्षेपित लागत (निर्माण अवधिको ब्याज सहित)	रु.६,३७,२०,००,०००/-
आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Project)	७ वर्ष ७ महिना (७.५४ वर्ष)
आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Project)	१४ वर्ष ८ महिना (१४.६५ वर्ष)
आयोजनाको प्रति मे.वा. लागत रकम निर्धारण अवधिको व्याज सहित	रु.२२,६७,६१,५६६/-
Net Present Value (NPV) (Project)	रु.१,०१९,७७०,०००/-
Internal Rate of Return (IRR) (Project)	१२.२५%
Net Present Value (NPV) (Equity)	रु.२१३,२१०,०००/-
अपेक्षित प्रतिफल (FIRR) (Equity-IRR)	१५.१२%
औषत DSCR	१.२६

प्रक्षेपणका आधार तथा तरिका

विवरण	प्रक्षेपणका आधार तथा तरिका
विद्युत उत्पादन अवधि	२८.८३ वर्ष (२८ वर्ष १० महिना)
शेयर पूँजी र ऋण पूँजीको अनुपात	२५ : ७५
ऋणको ब्याजदर	८% (२०७८ श्रावण - २०७९ चैत्र) ८.५% (२०८० बैशाख - २०८० चैत्र) ११% (२०८१ बैशाख - २०८१ आषाढ) ११% (बाँकी अवधि)-आंकलन गरिएको दर
बट्टा दर (Discount Rate) (Project)	१०%
बट्टा दर (Discount Rate) (Equity)	१३.६९%
परियोजना मर्मत सम्भार खर्च	परियोजना लागतको ०.७५%
प्रति महिना कार्यालय सञ्चालन खर्च	प्रति महिना रु. ६,००,०००
परियोजना मर्मत सम्भार कार्यालय सञ्चालन खर्चमा बृद्धि	३%
बीमा	परियोजना लागतको ०.६० % प्रति वर्ष
प्रति महिना कर्मचारी पारिश्रमिक शुल्क	प्रति महिना रु. ३०,००,०००
कर्मचारी खर्च बृद्धि	३%
बीमा शुल्कमा बृद्धि	५%
कर्मचारी बोनस दर	२%
ब्यापारिक उत्पादन मितिबाट १० वर्षसम्म आयकर	०%
ब्यापारिक उत्पादन मितिबाट १० देखि १५ वर्षसम्म आयकर	१२.५%
ब्यापारिक उत्पादन मितिबाट १५ वर्ष पछिको आयकर	२०%
विद्युत खरिद दर (वर्षायाम) रु. प्रति कि.वा.घ.	रु.४.८ प्रति कि.वा.घ.
विद्युत खरिद दर (सुख्खायाम) रु. प्रति कि.वा.घ.	रु.८.४ प्रति कि.वा.घ.
वृद्धि अवधि/दर	प्रति वर्ष ३%, ८ चोटि
एजेन्सी शुल्क	आषाढ मसान्तमा तिर्न बाँकी ऋणको ०.१०% प्रति वर्ष
परियोजनाको सम्पत्ति, प्लान्ट र उपकरण	घट्दो ह्रास कट्टी विधि (WDV Basis)
परियोजना सम्पत्तिको ह्रास कट्टि	परियोजनाको इजाजतपत्र अवधि भर स्थिर ह्रास कट्टि दर
बिक्री रोयल्टी पहिलो (१५ वर्ष सम्म)	आयको २%
बिक्री रोयल्टी (१५ वर्ष पछि)	आयको १०%
क्षमता (Capacity) रोयल्टी पहिलो १५ वर्ष सम्म	१०० रुपैंया प्रति कि.वा.
क्षमता (Capacity) रोयल्टी पहिलो १५ वर्ष पछि	१,००० रुपैंया प्रति कि.वा.

वित्तीय विश्लेषणको तालिका

वर्ष	खुद नाफा	ह्रास कट्टी तथा अपलेखन खर्च	कर्जा भुक्तानी (व्याज समेत)	खुद नगद प्रवाह (शेयरधनी)	आयोजना नगद प्रवाह	साधारण संचयी नगद प्रवाह	वर्तमान मूल्यको आधारमा हुने नगद प्रवाह	डिस्काउन्टेड संचयी नगद प्रवाह	ऋण भुक्तानी आम्दानी अनुपात (DSCR)
०				(१,५९३,०००)	(६,३७२,०००)	(६,३७२,०००)	(६,३७२,०००)	(६,३७२,०००)	
१	१६७,४७२	२२१,४७६	५२७,२२८	२४५,५७८	७७२,८०६	(५,५९९,१९४)	७०२,५५१	(५,६६९,४४९)	१.४७
२	१६०,४३२	२२०,५७६	६५३,२१५	१४२,०५८	७९५,२७३	(४,८०३,९२१)	६५७,२५०	(५,०१२,१९९)	१.२२
३	१२७,८१५	२१९,८७०	७५८,५४७	६०,९४५	८१९,४९२	(३,९८४,४२९)	६१५,६९६	(४,३९६,५०२)	१.०८
४	१८३,०९२	२१९,३१५	७७२,८२४	६७,८७७	८४०,७०१	(३,१४३,७२८)	५७४,२१०	(३,८२२,२९२)	१.०९
५	२४४,३५८	२१८,८७९	७८१,८४४	८०,९१६	८६२,७६१	(२,२८०,९६८)	५३५,७०७	(३,२८६,५८६)	१.१०
६	३०६,२५२	२१८,५३५	७८५,६०८	९४,६७७	८८०,२८५	(१,४००,६८३)	४९६,८९८	(२,७८९,६८८)	१.१२
७	३७४,०८०	२१८,२६४	७३८,२९६	१६२,२३४	९००,५३०	(५००,१५३)	४६२,११४	(२,३२७,५७४)	१.२२
८	४४४,९६३	२१८,०५१	७३६,८०२	१८५,११३	९२१,९१६	४२१,७६३	४३०,०८१	(१,८९७,४९३)	१.२५
९	५१७,८०२	२१७,८८२	६८४,२३३	२५७,७८३	९४२,०१७	१,३६३,७८०	३९९,५०७	(१,४९७,९८६)	१.३८
१०	५६५,८०६	२१७,७४८	६७७,४८३	२५७,८६५	९३५,३४८	२,२९९,१२८	३६०,६१७	(१,१३७,३६९)	१.३८
११	५३५,६०२	२१७,६४३	६१९,६५७	२२७,५५५	८४७,२१२	३,१४६,३४०	२९६,९४३	(८४०,४२६)	१.३७
१२	५७८,१०९	२१७,५५९	५६१,८३१	२६९,९७८	८३१,८०९	३,९७८,१४९	२६५,०४०	(५७५,३८६)	१.४८
१३	६०१,४७०	२१७,४९३	-	८१८,९६३	८१८,९६३	४,७९७,११२	२३७,२२४	(३३८,१६२)	N/A
१४	५९३,८२२	२१७,४४०	-	८११,२६२	८११,२६२	५,६०८,३७४	२१३,६३१	(१२४,५३१)	N/A
१५	५८६,०५३	२१७,३९८	-	८०३,४५१	८०३,४५१	६,४११,८२५	१९२,३४०	६७,८०९	N/A
१६	४२७,९९३	२१७,३६५	-	६४५,३५८	६४५,३५८	७,०५७,१८३	१४०,४४९	२०८,२५७	N/A
१७	४१९,८८५	२१७,३३८	-	६३७,२२३	६३७,२२३	७,६९४,४०६	१२६,०७१	३३४,३२९	N/A
१८	४११,६६७	२१७,३१७	-	६२८,९८४	६२८,९८४	८,३२३,३९०	११३,१२८	४४७,४५७	N/A
१९	४०३,३१२	२१७,३००	-	६२०,६१२	६२०,६१२	८,९४४,००२	१०१,४७५	५४८,९३२	N/A
२०	३९४,७९४	२१७,२८७	-	६१२,०८१	६१२,०८१	९,५५६,०८३	९०,९८२	६३९,९१४	N/A
२१	३८६,०९१	२१७,२७६	-	६०३,३६७	६०३,३६७	१०,१५९,४५१	८१,५३३	७२१,४४७	N/A
२२	३७७,१७९	२१७,२६७	-	५९४,४४७	५९४,४४७	१०,७५३,८९७	७३,०२५	७९४,४७३	N/A
२३	३६८,०३६	२१७,२६०	-	५८५,२९७	५८५,२९७	११,३३९,१९४	६५,३६५	८५९,८३७	N/A
२४	३५८,६४१	२१७,२५५	-	५७५,८९६	५७५,८९६	११,९१५,०९०	५८,४६८	९१८,३०६	N/A
२५	३४८,९७२	२१७,२५०	-	५६६,२२३	५६६,२२३	१२,४८१,३१३	५२,२६०	९७०,५६६	N/A
२६	३३९,००९	२१७,२४७	-	५५६,२५६	५५६,२५६	१३,०३७,५६९	४६,६७३	१,०१७,२३९	N/A
२७	३२८,७३१	२१७,२४४	-	५४५,९७५	५४५,९७५	१३,५८३,५४५	४१,६४६	१,०५८,८८४	N/A
२८	३१८,११७	२१७,२४२	-	५३५,३५९	५३५,३५९	१४,११८,९०४	३७,१२४	१,०९६,००८	N/A
२९	२४५,३७६	१६२,९३१	-	४०८,३०७	४०८,३०७	१४,५२७,२१०	२५,७३९	१,१२१,७४७	N/A

विद्युत खरिद बिक्री सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री गर्ने साथै नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौतामा भएको मुख्य मुख्य बुदाँहरुः

(१) कम्पनीबाट निर्माणाधीन आयोजनाबाट उत्पादन हुने विद्युत खरिद बिक्रिका लागि नेपाल विद्युत प्राधिकरणसँग मिति २०७३/०९/१४ मा सम्झौता भएको छ। उक्त सम्झौता बमोजिम नेपाल विद्युत प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट विद्युत शक्ति उत्पादन गरी उपलब्ध गराएको कन्ट्याक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरिद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४।८० (चार रुपैया असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु.८।४० (आठ रुपैया चालिस पैसा) विद्युत खरिद दरले हुन आउने रकम कम्पनीलाई वा सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ। साथै व्यापारिक उत्पादन शुरु हुने मितिबाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरी प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म साधारण मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम भएको छ।

अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरी)	सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट)	वर्षा याम (बैशाख देखि मार्गसम्म) (रु.प्रति युनिट)
पहिलो महिना देखि १२ औं महिनासम्म	८।४०	४।८०
१३ औं महिना देखि २४ औं महिनासम्म	८।६५	४।९४
२५ औं महिना देखि ३६ औं महिनासम्म	८।९०	५।०९
३७ औं महिना देखि ४८ औं महिनासम्म	९।१६	५।२३
४९ औं महिना देखि ६० औं महिनासम्म	९।४१	५।३८
६१ औं महिना देखि ७२ औं महिनासम्म	९।६६	५।५२
७३ औं महिना देखि ८४ औं महिनासम्म	९।९१	५।६६
८५ औं महिना देखि ९६ औं महिनासम्म	१०।१६	५।८१
९७ औं महिनादेखि सम्झौता अवधिसम्म	१०।४२	५।९५

तर व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ढिलो हुन गएमा निम्नानुसार वार्षिक मुल्यवृद्धि दिईनेछ।

क) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ६ महिना भन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्य वृद्धि दिइनेछ।
ख) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति १८ महिना भन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्य वृद्धि दिइनेछ।
ग) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ३० महिना भन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्य वृद्धि दिइनेछ।
घ) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ४२ महिना भन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्य वृद्धि दिइनेछ।
ङ) व्यापारिक उत्पादन शुरु हुनुपर्ने मितिको तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति ५४ महिना भन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्य वृद्धि दिइनेछ।

(२) प्राधिकरणले Dispatch Instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy) खरिद गरेमा सो को हकमा विद्युत खरिद बिक्रि सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५० प्रतिशतका हिसाबले कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ।

(३) मासिक विलिङ्ग गर्दा कम्पनीले प्राधिकरणबाट विद्युत उर्जा लिएको देखिएमा विद्युत उर्जा लिने भोल्टेज लेभलको व्यापारिक वर्गका ग्राहकहरुलाई लागू हुने प्राधिकरणको प्रचलित Normal hour को विद्युत महशुल दरले उर्जा शुल्क मात्रको हिसाब गरी आउने रकम मात्र कम्पनीले प्राधिकरणलाई भुक्तानी गर्नेछ, वा सो रकम मासिक विलिङ्गमा समायोजन गरिनेछ।

(४) व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति अगावै आयोजनाको निर्माण तथा परीक्षण कार्य सम्पन्न भएमा प्राधिकरणले आफ्नो Existing ग्रीड प्रणालीमा प्रवाह हुन सक्ने सम्मको विद्युत उर्जा आवश्यकता अनुसार Dispatch Instruction जारी गरी आयोजनाबाट लिन सक्नेछ। यसरी विद्युत लिए बापत दफा १२.१ र १२.२ मा तोकिएको मूल्यमा प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नेछ।

हर्जाना सम्बन्धी विवरणः

(१) प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्याक्ट इनर्जीको परिमाणसम्मको Availability Declaration अनुसारको इनर्जी खरिद गरी लिनेछ। यस अनुसार प्राधिकरणले लिनु पर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा अनुसूची ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ।

(२) कन्ट्याक्ट इनर्जीको वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (असी) प्रतिशतभन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ। प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत सम्भार वा काबु बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाणसम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न शुत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नु पर्नेछ।
क्षतिपूर्ति रकम रु. = (0.8 x सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति गर्नुपर्ने बढीमा कन्ट्याक्ट इनर्जीसम्मको Availability Declaration अनुसारको विद्युत उर्जा - सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा - सोही अवधिमा प्राधिकरणको कारणले वा Scheduled outage वा आकस्मिक मर्मत सम्भार वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा) x सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरिद दर।
यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपुर्ति रकमलाई शून्य मानिनेछ। क्षतिपूर्ति रकम विल रकमभन्दा बढी भएमा विल रकम भन्दा बढी भएको क्षतिपुर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नुपर्ने छैन।
यस्तो क्षतिपूर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिंदा कट्टा गर्न सक्नेछ।

(३) प्राधिकरणले कम्पनीलाई वा कम्पनीले प्रधिकरणलाई क्षतिपूर्ति तिर्ने व्यवस्था आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मितिदेखि लागु हुनेछ।

(४) काबु बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मितिसम्म व्यापारिक उत्पादन शुरु हुन नसकेमा प्राधिकरणले कम्पनीलाई र कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्टसम्म पुऱ्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरी व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न नगरेमा कम्पनीले प्राधिकरणलाई निम्न अनुसार हर्जाना तिर्नु पर्नेछ।
हर्जाना रकम रु. ०.०५ x कन्ट्याक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधिको उर्जा x व्यापारिक उत्पादन शुरु हुने मितिमा लागू हुने खरिद दर।

कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

(१) यस कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :
1. जलविद्युत आयोजनाको निर्माण, सञ्चालन, विद्युत उत्पादन र बिक्री गर्ने।
2. जलविद्युत आयोजना तथा Micro-hydro, wind, Diesel आयोजनालाई आवश्यक पर्ने भौतिक संरचना, पुर्वाधारहरुको निर्माण, Design, Drawing सम्बन्धी कार्य गर्ने र उत्पादित विद्युत बिक्री वितरण गर्ने, गराउने।

आयोजनाको विभिन्न कार्यहरुको कार्य प्रगति विवरण निम्नानुसार रहेको छ :

क्र.सं.	विवरण	कार्य प्रगति %	कैफियत
१	आधारभुत निर्माण कार्य		
	प्रवेश मार्ग निर्माण	१००%	
	कम्पनी तथा ठेकेदारको आधारभूत सिभिल संरचना निर्माण	८९%	
२.	सिभिल निर्माण कार्य	८९%	समग्रमा
	बाँध, डिसेन्डर तथा गेट संरचनाहरु	९७%	
	विद्युत गृह संरक्षण कार्य	८५%	
	हेडरेस टनेल निर्माण	८०%	
	सर्ज टैंक निर्माण	९७%	
	पेनस्टक पाइपको लागि सिभिल निर्माण कार्य	८०%	
	स्विचयार्ड तर्फको कार्य	३०%	
	हेडवर्क्सको निर्माण	९७%	
३.	हाइड्रो मेकानिकल कार्य	६४%	समग्रमा
	पेनस्टक पाइपको उपलब्धि तथा डेलिभरी तथा जडान	८५%	
	बाँधमा जडान गरिने गेटको उपलब्धि डेलिभरी तथा जडान	९८%	
	पेनस्टक पाइप जडान	६०%	
	गेट जडान	८५%	
	वाइफर्केशन तथा ज्वाइन्ट जडान	१००%	
	फेब्रिकेशन, इन्शटलेशन र इरेक्शनको कार्य	८०%	
४	इलेक्ट्रोमेकानिकल कार्य	६०%	
	मेशिन तथा उपकरण उपलब्धि तथा डेलिभरी	९२%	
	विद्युत गृह-उपकरण जडान	५०%	
५	१३२ के.भि.प्रसारण लाइन कार्य	६३%	समग्रमा
	सवस्टेशन उपकरण जडान	४०%	
	जग्गा खरिदको कार्य	९५%	
	टावर फाउण्डेसन कार्य	९४%	
	टावर डेलिभरी	९७%	
	टावर फेब्रिकेशन	१००%	
	टावर ईरेक्सन	८५%	
	तार (Conductor) को फेब्रिकेशन	१००%	
	तार (Conductor) को डेलिभरी	१००%	
	तार (Conductor) तान्ने कार्य	२५%	

तल्लो लिखु जलविद्युत आयोजनाबाट उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणको देवीटार, रामेछापस्थित न्यू खिम्ति सवस्टेशनसम्म पुऱ्याउनका लागि आयोजनाको स्वीचयार्ड देखि १३२ के.भि. को सिङ्गल सर्किट करिब २३ कि.मि. लामो विद्युत प्रसारण लाईन आयोजना निर्माण भईरहेको छ। हालसम्म उक्त विद्युत प्रसारण लाईन आयोजनाको ६२ वटा टावरमध्ये ५८ वटा टावरको जग निर्माण भई ५३ वटा टावर ठड्याइ सकिएको छ भने ६ कि.मि. लम्बाईसम्मको तार तान्ने काम सम्पन्न भईसकेको छ। उक्त आयोजना अन्तर्गतका बाँकी कार्यहरु नियमित रुपमा सञ्चालन भईरहेका छन्।

समग्रमा आयोजनाको कार्य प्रगतिः आयोजनाको भौतिक कार्य प्रगति करिब ८३ % रहेको छ।

६. धितोपत्र जारी गर्नुको उद्देश्य :

(१) कम्पनीको प्रवन्ध-पत्रमा जारी पूँजीको १०% शेयर अयोजना प्रभावित क्षेत्रका वासिन्दालाई तथा जारी पूँजीको १५% शेयर सर्वसाधारणमा निष्काशन गर्नुपर्ने प्रावधान अनुरुप रु.३९,८२,५०,०००/- शेयर पूँजी बराबर आयोजना प्रभावित क्षेत्रका वासिन्दा, सर्वसाधारण नेपाली नागरिकहरु (सामुहिक लगानी कोष समेत) लाई बिक्री वितरण गरी कम्पनीको चुक्ता पूँजी रु.१,५९,३०,००,०००/- पुऱ्याउन।
(२) कम्पनीको वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न।
(३) कम्पनीको प्रवन्ध-पत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी संकलन गर्न।
(४) आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री गरी स्थानीय बासिन्दाहरुलाई लगानीको अवसर दिन तथा आयोजना निर्माणको लागि रकम संकलन गर्न।

७. कम्पनीको पूँजी संरचना सम्बन्धी विवरण :

अधिकृत पूँजी : कम्पनीको अधिकृत पूँजी रु.१,६०,००,००,०००/- (अक्षरेपी एक अर्ब साठ्ठी करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले १,६०,००,००० (एक करोड साठ्ठी लाख) थान शेयरमा विभाजन गरिएको छ।

जारी पूँजी : कम्पनीको जारी पूँजी रु.१,५९,३०,००,०००/- (अक्षरेपी एक अर्ब उनान्साठ्ठी करोड तिस लाख मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले १,५९,३०,००० (एक करोड उनान्साठ्ठी लाख तिस हजार) थान शेयरमा विभाजन गरिएको छ।

चुक्ता पूँजी : कम्पनीको संस्थापकहरुबाट तत्काल चुक्ता पूँजी रु.१,११,५१,००,०००/- (अक्षरेपी एक अर्ब एघार करोड एकाउन्न लाख मात्र) तथा कम्पनी/आयोजनामा कार्यरत कामदार/कर्मचारीहरुबाट रु.७,९६,५०,०००/- (अक्षरेपी सात करोड छयान्नब्बे लाख पचास हजार मात्र) गरी रु.१,१९,४७,५०,०००/- (अक्षरेपी एक अर्ब उन्नाइस करोड सत्चालिस लाख पचास हजार मात्र) रहेको छ। आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई (आयोजनाको संरचना रहेको रामेछाप जिल्लामा पर्ने लिखु तामाकोशी गा.पा.को वडा नं. २, ३ र ४ तथा ओखलढुङ्गा जिल्लाको लिखु गा.पा. को वडा नं. ४, ५, ६, ७, ८ र ९, आयोजनाको प्रसारण लाईन पर्ने रामेछाप जिल्लाको लिखु तामाकोशी गा.पा. को वडा नं. ५, ६ र ७ र मन्थली न.पा.को वडा नं. ११, १२ र १३ तथा रामेछाप न.पा.को वडा नं. १ र ३ र रामेछाप जिल्लाको लिखुतामाकोशी गा.पा.को वडा नं. १ र ओखलढुङ्गा जिल्लाको लिखु गा.पा.को वडा नं. १, २ र ३ मा स्थायी बसोवास गर्ने नेपाली नागरिकहरुलाई) निष्काशन गरिने प्रति शेयर रु.१००/- अंकित दरको १५,९३,००० कित्ताको रु.१५,९३,००,०००/- (अक्षरेपी पन्ध्र करोड त्रियान्नब्बे लाख मात्र) तथा सर्वसाधारणमा निष्काशन गरिने १५% अर्थात रु.२३,८९,५०,०००/- (अक्षरेपी तेइस करोड उनान्नब्बे लाख पचास हजार रुपैंया मात्र) रकम बराबरको रु.१००/- अंकित दरको २३,८९,५०० कित्ता (सामूहिक लगानी कोषहरुलाई ५% अर्थात् १,१९,४७५ कित्ता समेत) निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,५९,३०,००,०००/- (अक्षरेपी एक अर्ब उनान्साठ्ठी करोड तिस लाख मात्र) हुनेछ।

८. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार यस निष्काशन पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

समूह	शेयरधनीहरु	साधारण शेयर संख्या	चुक्ता रकम (रु.)	पूँजी संरचना	भुक्तानी प्रतिशत
१.	संस्थापक शेयरधनी समुह "क"	१,११,५१,०००	१,११,५१,००,०००	७०%	शत् प्रतिशत
२.	सर्वसाधारण शेयरधनी समुह "ख"				
	कम्पनी/आयोजनामा कार्यरत कर्मचारीहरु/कामदार	७,९६,५००	७,९६,५०,०००	५%	शत् प्रतिशत
	स्थानीय बासिन्दाहरु	१५,९३,०००	१५,९३,००,०००	१०%	निष्काशन पश्चात्
	सर्वसाधारणहरु	२३,८९,५००	२३,८९,५०,०००	१५%	
	जम्मा	१,५९,३०,०००	१,५९,३०,००,०००	१००%	

नोटः कम्पनी/आयोजनामा कार्यरत कर्मचारीहरु/कामदारहरुको लागि निष्काशन गरिएको शेयरलाई आगामी वार्षिक साधारण सभाबाट पारित गरी प्रचलित कानून अनुसार समुह मिलान गरिनेछ।

९. आधारभूत शेयरधनी/संस्थापक/सञ्चालक सम्बन्धी विवरण :

आधारभूत शेयरधनीको विवरण

क्र.सं.	नाम, ठेगाना	पद	शेयर स्वामित्व	राष्ट्रियता	उमेर (वर्ष)	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१.	सानिमा हाइड्रोपावर लिमिटेड का.म.न.पा. वडा नं. ०४, काठमाण्डौ		७,१५,०००				लागु नहुने।
२.	सानिमा हाइड्रो एण्ड ईन्जिनियरिङ्ग प्रा.लि. का.म.न.पा. वडा नं. ०४, काठमाण्डौ		१,८४,०००				लागु नहुने।
३.	श्री डोल्मा इम्प्याक्ट फण्ड १, ३५, साइवरसिटि, इबेन, मरिसस		३८,५१,०००				लागु नहुने।
४.	सानिमा माई हाइड्रोपावर लिमिटेड का.म.न.पा. वडा नं. ०४, काठमाण्डौ		४५,००,०००				लागु नहुने।
५.	सानिमा बैंक लिमिटेड का.म.न.पा. वडा नं. १, काठमाण्डौ		५,००,०००				लागु नहुने।
६.	एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लि. का.म.न.पा. वडा नं. २, काठमाण्डौ		१०,००,०००				लागु नहुने।
७.	जय गणेश इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. का.म.न.पा. वडा नं. ३, काठमाण्डौ		२,००,०००				लागु नहुने।
८.	ओब्जोर इन्भेष्टमेन्ट कम्पनी लिमिटेड का.म.न.पा. वडा नं. ०२, काठमाण्डौ		२,००,०००				लागु नहुने।

नोटः श्री डोल्मा इम्प्याक्ट फण्ड १, ३५, साइवरसिटि, इबेन मरिसस (विदेशमा) दर्ता भएको कम्पनी हो। उक्त फण्डले उद्योग विभाग, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण शाखाबाट मिति २०७४/०३/२३ गते तथा मिति २०७८/०३/०१ गते र श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागबाट मिति २०७४/०१/११ गते तथा मिति २०७८/०३/२४ गतेको पत्र बमोजिम लगानी गर्न स्वीकृति प्राप्त गरेको छ।

सञ्चालकहरुको विवरण

क्र.सं.	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	अनुभव	प्रस्तावित व्यापार र व्यवसायमा अनुभव
१.	डा. माणिकलाल श्रेष्ठ धनकुटा-५, धनकुटा, हाल महालक्ष्मी न.पा.-९, ललितपुर (प्रतिनिधिः सानिमा हाइड्रोपावर लि.)	सञ्चालक/ अध्यक्ष	६१	नेपाली	७,१५,००० संस्थागत- सानिमा हाइड्रोपावर लि.	पि.एच.डि. अर्थशास्त्र	• आई.एम.एफ. (२०५२-२०७२) • अन्तराष्ट्रिय परामर्श सेवा, आई.एम.एफ., विश्व बैंक र संयूक्त राष्ट्र संघ (२०५०-२०५२) • आर्थिक तथा तथ्याङ्किय सल्लाहकार, केन्द्रिय तथ्याङ्क विभाग तथा राष्ट्रिय योजना आयोग (२०५१-२०५२) • परामर्शदाता, यूएनडिपी/आईबिआरडी (२०४७-२०५१)	श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेडमा सञ्चालक/अध्यक्षको पदमा रही कार्यानुभव
२.	डा. सुवर्ण दास श्रेष्ठ ओखलढुङ्गा-५, ओखलढुङ्गा हाल बुढानिलकण्ठ न.पा. वडा नं. १, काठमाण्डौ (प्रतिनिधिः सानिमा माई हाइड्रोपावर लि.)	कार्यकारी सञ्चालक	५८	नेपाली	४५,००,००० संस्थागत- सानिमा माई हाइड्रोपावर लि.	पि.एच.डि. हाइड्रो(टेक्निकल एण्ड ल्याण्ड रिक्लेमेसन कन्स्ट्रक्सन	• कार्यकारी सञ्चालक, श्वेत गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड (२०७६/०२/१५ देखि हालसम्म) • प्रमुख कार्यकारी अधिकृत, सानिमा माई हाइड्रोपावर लिमिटेड (२०७०/११/१४ देखि २०७६/०२/१४ सम्म) • कार्यकारी सञ्चालक, सानिमा माई हाइड्रोपावर लिमिटेड (२०६८/१२/०३ देखि २०७०/११/१३ सम्म • प्रबन्ध सञ्चालक, श्वेत गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन प्रा.लि. (२०६५/०७/१५ देखि २०६८/१२/०२ सम्म) • कार्यकारी अध्यक्ष, सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा.लि. (२०६५/०३/१८ देखि २०६५/०७/१४ सम्म) • प्रबन्ध सञ्चालक, मैलुङ्ग खोला हाइड्रोपावर डेभलपमेन्ट कं. (प) लि. (२०६४/०१/१८ देखि २०६५/०३/१७ सम्म) • महा-प्रबन्धक, सानिमा हाइड्रोपावर प्रा.लि. (२०४९/१२/१६ देखि २०६४/०१/१७ सम्म	श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड लगायत अन्य हाइड्रोपावर कम्पनीमा सञ्चालक, कार्यकारी सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, सल्लाहकार, आदिको पदमा रही कार्यानुभव
३.	श्री विद्यावारिधि सिग्देल पोखरा न.पा. वडा नं. १३, कास्की, हाल अर्किड कोलोनी मार्ग, कलंकी, काठमाण्डौ-१४ (प्रतिनिधिः डोल्मा इम्प्याक्ट फण्ड १	सञ्चालक	३९	नेपाली	३८,५१,००० संस्थागत- डोल्मा इम्प्याक्ट फण्ड १	चार्टर्ड एकाउन्टेन्ट, एम.बि.ए.	• प्रबन्ध निर्देशक, डोल्मा इम्प्याक्ट फण्ड १ (२०७० देखि हालसम्म) • वरिष्ठ प्रबन्धक, कैलाश विकास बैंक लि. (२०६३-२०७०) • वरिष्ठ लेखापरीक्षक, टि.आर. उपाध्याय एण्ड कं. (२०६२-२०६३) • लेखापरिक्षक, जे.सी. भल्ला एण्ड कं., चार्टर्ड एकाउन्टेन्टस (२०६१-२०६२) • सी.ए. आर्टिकलसीप परिक्षण, जे.सी. भल्ला एण्ड कं., चार्टर्ड एकाउन्टेन्टस (२०५७-२०६०)	श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड लगायत अन्य कम्पनीहरुको सञ्चालक पदमा रही रही कार्यानुभव
४.	श्रीमति शान्ति निरौला (ओझा) खैरहनी-७, चितवन	सञ्चालक	५०	नेपाली	१,०००	प्रविणता प्रमाणपत्र तह (वाणिज्य शास्त्र)	• प्रोप्राइटर, पेङ्गुइन एण्ड ब्यूटी सैलून • प्रोप्राइटर, पेङ्गुइन फिटनेस क्लब	श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेडमा सञ्चालक पदमा रही कार्यानुभव
५.	श्री कन्हैया कुमार मानन्धर का.म.न.पा.-३, बाँसबारी	स्वतन्त्र सञ्चालक	६३	नेपाली	-	एम.एस.सी. ईन्डस्ट्रियल ईन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट	• प्राविधिक सल्लाहकार/विज्ञ, विभिन्न जलविद्युत कम्पनी (२०७२-२०७८) • उप-कार्यकारी निर्देशक, प्रसारण, ने.वि.प्रा. (२०७०-२०७२) • निर्देशक, मुख्य २२० के.भी. प्रसारण लाईन, ने.वि.प्रा. (०६७-२०७०) • परियोजना प्रबन्धक, खिम्ती-ढल्केबर २२० के.भी. प्रसारण लाईन, ने.वि.प्रा. (२०५९-२०६७) • प्लान्ट प्रबन्धक, मोदी खोला जलविद्युत आयोजना, ने.वि.प्रा. (२०५७-२०५९) • सहायक प्लान्ट प्रबन्धक, मोदी खोला जलविद्युत आयोजना, ने.वि.प्रा. (२०५१- २०५७)	श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेडमा सञ्चालक पदमा रही कार्यानुभव साथै, सल्लाहकारका रुपमा अन्य हाइड्रोपावर कम्पनीहरुमा आवद्ध रहेको कार्यानुभव

१०. उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

क्र.सं.	कर्मचारीको नाम	पद	योग्यता	कार्यानुभव
१.	डा. सुवर्ण दास श्रेष्ठ	कार्यकारी सञ्चालक	पि.एच.डि. हाइड्रो-टेक्निकल एण्ड रिक्लेमेसन कन्स्ट्रक्सन	• कार्यकारी सञ्चालक, श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड (२०७६/०२/१५ देखि हालसम्म) • प्रमुख कार्यकारी अधिकृत, सानिमा माई हाइड्रोपावर लिमिटेड (२०७०/११/१४ देखि २०७६/०२/१४ सम्म) • कार्यकारी सञ्चालक, सानिमा माई हाइड्रोपावर लिमिटेड (२०६८/१२/०३ देखि २०७०/११/१३ सम्म) • प्रबन्ध सञ्चालक, श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन प्रा.लि. (२०६५/०७/१५ देखि २०६८/१२/०२ सम्म) • कार्यकारी अध्यक्ष, सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा.लि. (२०६५/०३/१८ देखि २०६५/०७/१४ सम्म) • प्रबन्ध सञ्चालक, मैलुङ्ग खोला हाइड्रोपावर डेभलपमेन्ट कं. (प) लि. (२०६४/०१/१८ देखि २०६५/०३/१७ सम्म) • महा-प्रबन्धक, सानिमा हाइड्रोपावर प्रा. लि. (२०४९/१२/१६ देखि २०६४/०१/१७ सम्म)
२.	श्री भोजराज पौडेल	महा-प्रबन्धक	स्नातकोत्तर-हाइड्रोपावर डेभलपमेन्ट	• महा-प्रबन्धक, श्वेत गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड (२०७३ देखि हालसम्म) • आवासीय ईन्जिनियर, सानिमा माई हाइड्रोपावर लिमिटेड (२०६६-२०७३) • आवासीय ईन्जिनियर, खोरुङ्गा खोला हाइड्रोपावर डेभलपमेन्ट (२०६१-२०६३) • आयोजनास्थल ईन्जिनियर, सुनकोशी साना जलविद्युत आयोजना (२०५९-२०६१) • कन्स्ट्रक्सन सुपरभाइजर, साउदी ठेकेदार (अल बडेर) (२०५४-२०५६) • कन्स्ट्रक्सन सुपरभाइजर, खिम्ति हाइड्रोपावर प्रोजेक्ट, बुटवल पावर कम्पनी (२०५१-२०५३) • साइट ओभरसियर, भिमरुक हाइड्रोपावर प्रोजेक्ट, बुटवल पावर कम्पनी (२०४७-२०५१)
३.	श्री कोमल भट्ट	सहायक प्रबन्धक	चार्टर्ड एकाउन्टेन्ट	• सहायक प्रबन्धक, श्वेत गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड (२०७६ मंसिर-हालसम्म) • एसएआर एसोसिएट्स, नेपाल (२०७४ चैत्र-२०७६ कार्तिक) • आर्टिकल ट्रेनी, सुनिल डि. एसोसिएट्स, भारत (२०७२ असोज-२०७३ असोज) • आर्टिकल ट्रेनी, राजेन्द्र कु. गोयल एण्ड क., भारत (२०७१ असोज-२०२ भदौ)

११. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिम रहेको छ :

संस्थापक शेयरधनीहरुबाट मनोनित वा निर्वाचित	४ जना
सर्वसाधारण शेयरधनीहरु (स्थानीय बासिन्दा तथा संस्थापक संस्थाका कर्मचारी शेयरधनीहरु समेत) बाट निर्वाचित	२ जना
स्वतन्त्र सञ्चालक	१ जना
जम्मा	७ जना

नोटः हाल यस कम्पनीमा संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने ४ (चार) जना तथा १ (एक) जना स्वतन्त्र सञ्चालक रहेको सञ्चालक समिति मात्र रहेको छ।

कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ। तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक र स्वतन्त्र सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन।

१२. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ।

१३. सञ्चालन अवधि तीन वर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतित भई नसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको नाफा-नोक्सान, वासलात सहितको संक्षिप्त विवरणः

वासलात

(रकम रु.हजारमा)

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८	२०७८ चैत्र मसान्त	आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१
कोषको स्रोत							
शेयरहोल्डर कोष							
शेयर पूँजी	५४०,०३१	५४०,०३१	७००,०३१	१,१९४,७५०	१,५९३,०००	१,५९३,०००	१,५९३,०००
सञ्चित नाफा तथा नोक्सान र जगेडा कोषहरु	(२१,२०२)	(४१,८८४)	(७०,८४८)	(८७,८९०)	(६०,६६५)	१०६,८०७	२६७,२३९
कुल शेयरहोल्डर कोष	५१८,८२८	४९८,१४७	६२९,१८३	१,१०६,८६०	१,५३२,३३५	१,६९९,८०७	१,८६०,२३९
ऋण कोष							
बैंक ऋण	२३२,२२४	१,४९७,३५६	२,८६३,८४४	-	४,७७९,०००	४,६३५,६३०	४,४४४,४७०
कुल ऋण कोष	२३२,२२४	१,४९७,३५६	२,८६३,८४४	-	४,७७९,०००	४,६३५,६३०	४,४४४,४७०
गैह्र चालु दायित्व							
गैह्र चालु सापटी	-	-	-	३,८६६,५४०	-	-	-
गैह्र चालु अन्य वित्तीय दायित्व	२२,१४७	५६,४६८	३०४,६४४	३३१,२७२	२९७,५४३	११२,४५६	४१,७८९
व्यवस्था	-	-	-	१,१२३	-	-	-
स्थगन कर दायित्व	-	-	-	-	-	-	-
कुल गैह्र चालु दायित्व	२२,१४७	५६,४६८	३०४,६४४	४,१९८,९३५	२९७,५४३	११२,४५६	४१,७८९
कोषको कुल स्रोत	७७३,१९९	२,०५१,९७१	३,७९७,६७१	५,३०५,७९५	६,६०८,८७८	६,४४७,८९४	६,३४६,४९९
कोषको उपयोग							
स्थिर सम्पत्ति							
अमुर्त सम्पत्ति	१,०२७,७२४	२,११७,६५८	४,१६१,८२३	५,३९०,८५६	६,२६३,५२०	६,२६३,५२०	६,२६३,५२०
सम्पत्ति, प्लान्ट तथा उपकरण	३०,८५९	३६,३९६	४४,२०८	२१,१५५	४५,६०५	४५,६०५	४५,६०५
घटाउनेः सञ्चित ह्रास	९,३४५	१४,५०३	१९,८८४	-	४३,३८३	२६४,८५९	४८५,४३५
खुद स्थिर सम्पत्ति	१,०४९,२३८	२,१३९,५५१	४,१८६,१४८	५,४१२,०११	६,२६५,७४३	६,०४४,२६७	५,८२३,६९१
स्थगन कर सम्पत्ति	-	-	५३	५३	-	-	-
चालु सम्पत्ति	४३४,४५९	४६२,५२१	२४८,०५२	२१२,५४१	३४८,१३५	४०८,१२८	५२६,८०८
पाउनुपर्ने	३६६,२०१	४५३,५७३	२४०,६९०	१३४,४५५	९८,४५०	९८,४५०	१०१,३२१
नगद तथा बैंक मौज्दात	६३,०४९	३,२०५	१,५६९	७३,१४१	२४५,६८६	३०५,१७८	४२२,४८७
अन्य चालु सम्पत्ति	५,२०९	५,७४३	५,७९२	१,३२०	४,०००	४,५००	३,०००
चालु कर सम्पत्ति	-	-	-	३,६२५	-	-	-
घटाउनेः चालु दायित्व	७१०,४९७	५५०,१०२	६३६,५८१	३१८,८१०	५,०००	४,५००	४,०००
चालु सापटी	२०,०००	२०,०००	२७०,७४७	२९९,७१९	-	-	-
लाभांश व्यवस्था	-	-	-	-	-	-	-
चालु अन्य दायित्व	६९०,४९७	५३०,१०२	३६५,८३४	१,६५०	५,०००	४,५००	४,०००
चालु अन्य वित्तीय दायित्व	-	-	-	१७,४४१	-	-	-
खुद कार्यशिल पूँजी	(२७६,०३९)	(८७,५८०)	(३८८,५३०)	(१०६,२६९)	३४३,१३५	४०३,६२८	५२२,८०८
कुल स्रोतको उपयोग	७७३,१९९	२,०५१,९७१	३,७९७,६७१	५,३०५,७९५	६,६०८,८७८	६,४४७,८९४	६,३४६,४९९

नाफा-नोक्सान हिसाब

(रकम रु.हजारमा)

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८	२०७८ चैत्र मसान्त	आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१
आय							
विद्युत बिक्रीबाट प्राप्त आय	-	-	-	-	९८,४५०	९३१,४५२	९५८,७७५
आय (निर्माण)	७१७,५५८	१,०८९,९३४	२,०४४,१६५	१,२२९,०४७	२,१०५,३३५	-	-
अल्पकालिन मुद्दती निक्षेपबाट प्राप्त आय	-	-	-	-	-	-	-
विविध आय	९,३२४	९५४	६३	-	६६	-	-
बिक्री लागत (निर्माण)	(७१७,५५८)	(१,०८९,९३४)	(२,०४४,१६५)	(१,२२९,०४७)	(२,१०५,३३५)	-	-
अन्य आय	-	-	-	-	-	-	-
वित्तीय आय	-	-	-	४२९	-	-	-
कुल नाफा	९,३२४	९५४	६३	४२९	९८,५१६	९३१,४५२	९५८,७७५
सञ्चालन तथा मर्मत सम्भार लागत	-	-	-	-	३,९८३	४७,७९०	४९,२२४
प्रशासनिक तथा साधारण खर्च	३,९३१	४,३०४	४,८४१	१६,८५७	५,३४९	७,२००	७,४१६
बीमा खर्च	७३	११९	७३	-	३,४४३	३८,२३२	४०,१४४
सरकारलाई प्रदान गरिएको रोयल्टी	-	-	-	-	२,२०३	२१,४३९	२१,९८५
मानव संसाधन खर्च	८,२५७	१३,०८१	१२,२५५	-	१७,१३०	३६,०००	३७,०८०
ह्रास खर्च	४,२६६	५,१५८	५,३८१	-	२३,४९९	२२१,४७६	२२०,५७६
ऋण एजेन्सी शुल्क	-	-	-	-	३९८	४,६३६	४,४४४
ब्याज खर्च	-	-	-	-	३१,८६०	३८३,८५८	४१४,२६५
गैह्र आर्जित विदेशी विनिमय नाफा/(नोक्सान)	-	-	६,०२०	४८४	-	-	-
कुल खर्च	१६,५२८	२२,६६३	२८,५७१	१७,३४१	८७,८६५	७६०,६३१	७९५,१३४
कर अघिको खुद नाफा	(७,२०३)	(२१,७०९)	(२८,५०८)	(१६,९१२)	१०,६५१	१७०,८२१	१६३,६४१
घटाउने							
बोनस व्यवस्था	-	-	-	-	२०९	३,३४९	३,२०९
बोनस व्यवस्था पछिको नाफा	(७,२०३)	(२१,७०९)	(२८,५०८)	-	१०,४४२	१६७,४७२	१६०,४३२
स्थगन कर आय/(खर्च)		१६३	(२४)	-	-	-	-
आयकर	-	-	-	-	-	-	-
कर पछिको नाफा	(७,२०३)	(२१,५४६)	(२८,५३२)	(१६,९१२)	१०,४४२	१६७,४७२	१६०,४३२
शुरु जगेडा	(१३,८२६)	(२१,०२९)	(४२,५७५)	-	(७१,१०७)	(६०,६६५)	१०६,८०७
घटाउनेः शेयरधनीलाई लाभांश	-	-	-	-	-	-	-
वासलातमा सारिएको जगेडा	(२१,०२९)	(४२,५७५)	(७१,१०७)	(१६,९१२)	(६०,६६५)	१०६,८०७	२६७,२३९

आ.व. २०७८ चैत्र मसान्तसम्मको लेखापरीक्षक तथा व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत विवरणहरु हुन्।

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ

(रकम रु.हजारमा)

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.व.०७५/७६	आ.व.०७६/७७	आ.व.०७७/७८	आ.व.०७८/७९	आ.व.०७९/८०	आ.व.०८०/८१
चुक्ता पूँजी	५४०,०३१	५४०,०३१	७,००,०३१	१,५९३,०००	१,५९३,०००	१,५९३,०००
जगेडा तथा कोषहरु	(२१,२०२)	(४१,८८४)	(७०,८४८)	(६०,६६५)	१०६,८०७	२६७,२३९
कुल नेटवर्थ	५१८,८२८	४९८,१४७	६२९,१८३	१,५३२,३३५	१,६९९,८०७	१,८६०,२३९
शेयर संख्या (हजारमा)	५,४००	५,४००	७,०००	१५,९३०	१५,९३०	१५,९३०
प्रति शेयर नेटवर्थ (रु.)	९६.०७	९२.२४	८९.८८	९६.१९	१०६.७०	११६.७८
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००
खूद नाफा नोक्सान (रु. हजारमा)	(७,२०३)	(२१,५४६)	(२८,५३२)	१०,४४२	१६७,४७२	१६०,४३२
प्रति शेयर आम्दानी (रु.)	(१.३३)	(३.९९)	(४.९२)	०.६६	१०.५१	१०.०७
नेटवर्थमा औसत प्रतिफल	(१.३९%)	(४.३३%)	(५.४७%)	०.६८%	९.८५%	८.६२%

उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनी जे.बि.आर.एच. एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टका तर्फबाट सिए श्री राजु कुमार सिवाकोटीले प्रमाणित गर्नु भएको हो।

नोटः आ.व. २०७८/७९ मा संस्थापकबाट रु.४१,५०,६९,३०० रकम थप भएको, कम्पनी/आयोजनाका कर्मचारी/कामदारबाट रु.७,९६,५०,००० थप भएको र सर्वसाधारणमा निष्काशन (आयोजना प्रभावित क्षेत्रका बासिन्दा समेत) गरिने शेयर रु. ३९,८२,५०,००० थप पश्चात् चुक्ता पूँजी रु. १,५९,३०,००,०००/- हुनेछ।

विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल : (३.७३%)

१४. सकारात्मक पक्षहरु :

(१) आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० वर्ष शत् प्रतिशत आयकर छुट हुने तथा सो पश्चात् अर्को ५ वर्ष ५० प्रतिशत आयकर छुट रहेको।
(२) यस जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बिमा गरिएको।
(३) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको।
(४) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेकोले यस कम्पनीको भविष्य उज्वल रहेको।
(५) संस्थापक शेयरधनीहरु जलविद्युत क्षेत्रमा अनुभवी कम्पनीहरु भएको।

१५. अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

(क) वित्तीय साधनको अभाववाट हुने जोखिम :
आयोजनाको निर्माणको लागि आवश्यक वित्तीय साधनको प्रबन्ध भईसकेको र आयोजना निर्माणको अन्तिम चरणमा रहेको हुँदा वित्तीय साधनको अभावको अवस्था रहेको छैन। भविष्यमा नयाँ आयोजनाहरुमा लगानी गरिने भएमा उपयुक्त वित्तीय साधनको व्यवस्थापन गरी लगानी गरिने छ।

(ख) कच्चा पदार्थको अभाववाट हुने जोखिम :
- जलवायु परिवर्तन वा अन्य कारणले नदीको बहावमा परिवर्तन आउन सक्ने सम्भावना रहन्छ, जुन कम्पनीको नियन्त्रण बाहिरको विषय हो। तर, आयोजनाको निर्माण गर्दा लामो अवधिको हाईड्रोलोजीको डाटाको अध्ययन तथा विश्लेषणको आधारमा क्षमता निर्धारण गरिएको हुँदा तत्काल यस प्रकारको समस्या आउने सम्भावना न्यून रहेको छ।
- आयोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु सिमेन्ट, फलाम, मेशिन, छड जस्ता कच्चा पदार्थहरुको व्यवस्थापन भइरहेको हुनाले कच्चा पदार्थको अभाव हुने अवस्था छैन।

(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :
यस आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भएको हुँदा विद्युत बिक्रीको सुनिश्चितता रहेको छ। नेपालमा विद्युतको माग बढी रहेको र छिमेकी मुलुकमा समेत विद्युत निर्यात गर्न सकिने प्रवल सम्भावना रहेको हुँदा बजारको स्थितिमा आउने परिवर्तनहरु थप सकारात्मक हुने देखिएको छ। विद्युत खरिद सम्झौताको प्रावधान अनुसार आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सुनिश्चिता गरेको छ।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम :
COVID-19 का कारण आयोजनामा केही ढिलाई भएको छ। यस ढिलाईबाट सो अवधिको विद्युत बिक्री आय प्रभावित हुनेछ। तर, आयोजना निर्माणको अन्तिम चरणमा रहेको हुँदा यस विवरणपत्रमा उल्लेखित आयोजना लागत बढ्ने सम्भावना न्यून रहेको छ। त्यसैगरी यस ढिलाईबाट विद्युत खरिद दरमा कुनै प्रतिकुल असर पर्ने छैन।

(ङ) विदेशी विनिमयको जोखिम :
कम्पनीले प्रवर्द्धन गरिरहेको आयोजनाको ईलेक्ट्रोमेकानिकल सम्बन्धी उपकरण, संरचना निर्माण तथा जडान आदि कार्यका लागि कम्पनीले चीनियाँ ठेकेदारसँग गरेको सम्झौता बमोजिम अमेरिकी डलरमा रकम भुक्तानी गर्नु पर्ने भएकोले सो हदसम्म विदेशी विनिमयको जोखिम रहेको छ, जुन कम्पनीको नियन्त्रणभन्दा बाहिरको विषय हो।

(च) कानूनी प्रकृयाहरु तथा इजाजत प्राप्त गर्नु पर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु :
आयोजना निर्माणका लागि कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरी इजाजतपत्रहरु प्राप्त गरी सकेको छ। यस प्रकारको अवरोधहरु रहेको छैन।

(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणवाट उत्पन्न हुन सक्ने जोखिम :
यस्तो जोखिम नरहेको।

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :
कर, भन्सार, विद्युतीय उपकरणहरु आयातमा कुनै पनि सरकारी नीतिगत परिवर्तन भएमा आयोजनाको संचालन चरणमा यस्ता जोखिम रहने।

(झ) सञ्चालन इतिहासको अभाव :
कम्पनीका संस्थापकहरु जलविद्युत क्षेत्रमा लामो समय देखि कार्य गर्दै आएका अनुभवी संस्था भएको हुनाले यस्तो जोखिम न्यून रहेको।

(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :
आयोजनामा प्रयोग भएका प्रविधिहरुमा पछि परिवर्तन भएको खण्डमा मात्रै विद्युत गृह संचालनको क्रममा भविश्यमा केही प्रभाव पर्न सक्ने हुन्छ। तर यस्तो प्रकारको जोखिम ज्यादै न्यून हुने र सहजै सम्बोधन गर्न सकिने हुन्छ। आयोजनाले संचालनको चरणमा आवश्यक मात्रामा उपकरण तथा पार्टपुर्जाहरु जगेडामा समेत राख्ने व्यवस्था गरेको छ।

(ट) पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम :
पुर्वाधारको व्यवस्था सम्पन्न भई हाल आयोजना निर्माणाधीन अवस्थामा रहेता पनि वर्षा याममा पहुँच सडकमा पुग्न जाने क्षतीको कारण आयोजनाको निर्माणमा ढिलासुस्तीको जोखिम रहनेछ।

(ठ) अन्य :
- खडेरी, अनावृष्टि, अतिवृष्टि, जलस्रोतको मुहानमा अप्रत्याशित परिवर्तन, जलवायु परिवर्तनका कारण हुने अनपेक्षित वातावरण परिवर्तन आदिका कारण पानीको स्रोतमा कमी आएमा उत्पादन क्षमतामा कमी आउन सक्ने।
- प्राकृतिक प्रकोप तथा नियन्त्रण बाहिरका परिस्थितिहरु सृजना भई आयोजनाको भौतिक संरचना तथा उपकरणहरुमा क्षति पुऱ्याएमा खर्च वृद्धि हुन सक्ने तथा व्यावसायीक आम्दानीमा कमी हुन सक्ने।
- प्रशारण लाईनमा हुन सक्ने प्राविधिक वा यान्त्रिक गडबडीका कारण उत्पादित विद्युत आपूर्ति अवरुद्ध हुन सक्ने।
- विद्युत केन्द्रमा जडित मेसिन तथा यान्त्रिक उपकरणहरुमा हुने खराबीका कारण विद्युत उत्पादन तथा आपूर्ति अवरुद्ध हुन सक्ने।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ।
नेपालमा उर्जा शक्तिको माग धेरै भए तापनि आपूर्ति न्यून रहेको र नेपाल जलस्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोतभन्दा भरपर्दो श्रोत पानी हो। तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको व्यवस्थापनको धारणा रहेको छ। साथै उर्जा विभिन्न श्रोत जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत आदिबाट प्राप्त गर्न सकिन्छ। यसमध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा हानी कम गर्ने र यसको लागत अन्य उर्जाभन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखिम रहेको धारणा व्यवस्थापनको रहेको छ। सम्भावित जोखिमहरुलाई न्यूनिकरणका लागि कम्पनीले गरेका बीमाहरु सम्बन्धी विवरण तपसिल बमोजिम रहेको छ। सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न प्रयोग गरिने यन्त्र, उपकरणहरुको ह्रासकट्टि खर्चको व्यवस्थाका साथै यस कम्पनीको जलविद्युत केन्द्रहरुको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको निर्माण जोखिमलाई न्युनीकरण गर्न बीमा गरिएको छ। साथै, नियमित तथा आकस्मिक रुपमा मेसिनरी, उपकरण, सिभिल संरचना तथा प्रशारण लाईन आदिको निरिक्षण र मर्मत सम्भार गरिने व्यवस्था मिलाउनुका साथै जलविद्युत केन्द्रको नियमित मर्मत सम्भारका लागि आवश्यक पर्ने जगेडा पार्ट-पूर्जा (Spare Parts) को उचित व्यवस्था गरिएको छ।

क्र.सं.	बीमा कम्पनीको नाम	बीमाको शीर्षक	बीमा गरिएको रकम (रु.)	बीमा वहन गर्ने जोखिम	प्रिमियमको रकम (रु.)	पछिल्लो पटक प्रिमियम भुक्तानी गरेको रकम र मिति	बीमाको बैधता (Validity)
१.	प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड	Contractor's All Risk Policy	३,७०,८९,८५,०८२.०८	CAR Civil Works	१,६३,३३,६६०.२४	२६,३६,७९०.२५ (२५-०१-२०२२)	०९/०७/२०२२
२.	लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड	Erection All Risk	५७,११,५५,४००	EAR Electromechanical Works	७,७९,०६७.२०	७,७९,०६७.२० (११-०२-२०२२)	११/०७/२०२२
३.	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	Erection All Risk/Storage Com Erection Insurance Policy	२०,५२,९८,९८१.३०	EAR Transmission Line Works	६,९५,९८६	६,९५,९८६ (२१-०४-२०२१)	०९/०३/२०२३
४.	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	Contractor's All Risk Policy	३०,६०,११,३१२.६०	CAR Hydromechanical Works	८,६४,५४१.९६	१,५९,२७६.९३ (०९-०६-२०२१)	०१/०८/२०२२ (निर्माण) ०१/०८/२०२४ (सम्भार)

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :
रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

१६. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :
यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ।
1. शेयर बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई दश कित्ताको दरले बाँडफाँड गरिनेछ।
2. बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात् बाँकी रहेको निष्काशित शेयर बिस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पुनः दश कित्ताको दरले बाँडफाँड गरिनेछ।
3. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रक्रिया सम्पन्न भएपश्चात् धितोपत्र बाँकी भएमा सोही प्रक्रिया अपनाई बाँडफाँड गरिनेछ।
4. उपरोक्तानुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम १० कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरिनेछ।
5. शेयर बाँडफाँड सफ्टवेयर तथा बाँडफाँड तालिकाका सम्बन्धमा बोर्डलाई जानकारी गराईनेछ।
6. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको बारेमा बोर्ड तथा सर्वसाधारणलाई जानकारी गराईनेछ। साथै, न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरि बाँडफाँड हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभूतिकर्ता बीच भएको प्रत्याभूती सम्बन्धि सम्झौतामा उल्लेख भए अनुसार प्रत्याभूतिकर्तालाई बाँडफाँड गरिनेछ।

(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्थाः
शेयर बिक्री बन्द भएको मितिले बोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँड गरि पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयर बाँडफाँड पत्र र रकम फिर्ता भुक्तानी पूर्जा दिइनेछ।

(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :
धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा २९ (३) भएको व्यवस्था बमोजिम शेयर बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएकोले आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको छ।

(घ) धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्रिया र समयावधी :
निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात् "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ।

(ङ) धितोपत्र सुचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सुचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :
सो नभएको।

(च) धितोपत्र सुचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरणः
निष्कासन गरिने साधारण शेयरको बाँडफाँड पश्चात् धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार निर्धारित अवधिभित्र सर्वसाधारणलाई सार्वजनिक निष्कासन गरिने धितोपत्र तथा उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुलाई निष्कासन गरिएको साधारण शेयर सूचिकरण गराई शेयर खरिद/बिक्रीको व्यवस्था मिलाइने छ।

१७. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा हितग्राही परिचय नम्बर र बैंक खाता मार्फत कारोबार गरिनु पर्ने जस्ता पक्षहरु :

1. यस विवरणपत्रबाट निष्काशन हुने धितोपत्र खरिदका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्ने आवद्ध ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन्।
2. आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाले ASBA अन्तर्गत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूची ५ बमोजिम हुनुपर्नेछ।
3. सर्वसाधारणको हकमा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन्। तर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा उक्त सेवा लागू हुने छैन।
4. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ।
5. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गर्न चाहेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदक स्वयंले जानकारीमा लिनु पर्नेछ।
6. धितोपत्र बाँडफाँड गर्नु पूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ।
7. शेयरको बाँडफाँड गरी सूचीकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेका शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ।
8. संगठित संस्थाको सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा संगठित संस्थाको व्यवस्थापन वा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाको बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको मितिले एक वर्षसम्म सम्बन्धित संगठित संस्था वा त्यसको सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो परिवारको सदस्य वा अन्य कुनै व्यक्ति वा त्यस्ता व्यक्तिको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा वा अन्य व्यक्तिलाई खरिद बिक्री गर्न गराउन वा हस्तान्तरण गर्न वा लेनदेन गर्न सक्ने छैन।
9. सङ्गठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्काशन मार्फत जारी गरेको शेयर खरिदका लागि प्राकृतिक व्यक्तिले मात्र दरखास्त दिन सक्नेछन्। तोकिएको अवधिभित्र बिक्री नभएमा सङ्गठित संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएका संस्थाले त्यस्तो शेयर खरिद गर्न सक्नेछ।

१८. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सोभन्दा माथि लिने भएमा कुन गुणांकमा लिन सक्ने हो सो सम्बन्धी विवरणः

1. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. ४, शंखपार्क, धुम्बाराही, काठमाण्डौ वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक सानिमा क्यापिटल लिमिटेड सम मार्ग, नक्साल, काठमाण्डौमा सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिनेछ।
2. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि सर्वसाधारणहरुले दरखास्त दिंदा न्युनतम १० कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ। यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १०,००० कित्ता साधारण शेयर खरिद गर्नका लागि आवेदन दिन सकिने छ।

१९. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण :
यस विवरण मार्फत सर्वसाधारण (स्थानीय बासिन्दाहरु समेत) मा निष्काशन गरिने रु.१००/- अंकित दरका ३९,८२,५०० कित्ता शेयर बराबरले हुन आउने रकम रु. ३९,८२,५०,०००/- देहाय बमोजिमका कार्यका लागि खर्च गरिनेछ।

क्र.सं.	विवरण	रकम रु.
१.	सिभिल निर्माण खर्च	२१,२०,९४,७०२/-
२.	इलेक्ट्रोमेकानिकल खरिद तथा जडान खर्च	५,१६,५४,६७०/-
३.	हाइड्रोमेकानिकल खरिद तथा जडान खर्च	२,१०,७०,७९२/-
४.	विद्युत प्रसारण लाइन निर्माण खर्च	६,९६,४५,७७४/-
५.	प्रशासनिक तथा ईन्जिनियरिङ्ग व्यवस्थापन खर्च	४,३७,८४,०६३/-
	जम्मा	३९,८२,५०,०००/-

२०. विवरणपत्र, दरखास्त फारम पाइने र दरखास्त साथ रकम बुझाउने स्थानहरु :

विवरणपत्र पाइने स्थानहरुः	
१.	सानिमा क्यापिटल लिमिटेड, सममार्ग, नक्साल-१, काठमाण्डौ। वेभसाइट www.sanima.capital
२.	श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड, का.म.न.पा. ४, शंखपार्क, धुम्बाराही, काठमाण्डौ। वेभसाइट www.swetgangahydropower.com
३.	श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेडको आयोजनास्थल, लिखु तामाकोशी गाँउपालिका वडा नं. २, फेदी र वडा नं. ४, रात्माटा, रामेछाप।
४.	नेपाल धितोपत्र बोड, खुमलटार, ललितपुर र वेभसाइट website: www.sebon.gov.np

दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थानः	
१	तोकिएको आवेदन फाराम भरी नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरुका साथै मेरो शेयर खाता मार्फत आवेदन दिन सकिने छ।

२१. निष्कासन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्कासनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ।

सि.नं.	निष्कासन बैंकको नाम, ठेगाना	खाताको नाम	खाता नं.
१.	श्री सानिमा बैंक लिमिटेड, पुतलीसडक, काठमाडौं	सानिमा क्यापिटल लिमिटेड (श्वेत गंगा आइपिओ) SANIMA CAPITAL LTD (SWET GANGA IPO)	९०९०१००१००००१५९

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य बाणिज्य बैंक तथा राष्ट्रिस्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ।

२२. धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्रद्वारा निष्काशन गरिने शेयरको लागि आवेदन लिने कार्य कम्तीमा ४ (चार) कार्य दिनको लागि खुल्ला गरिनेछ। सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ।

२३. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सोको समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक सानिमा क्यापिटल लिमिटेड, सममार्ग, नक्साल-१, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको छ। कुनै पनि लगानीकर्ताले यस निष्काशनसंग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि सानिमा क्यापिटल लिमिटेडका मर्चेण्ट बैंकिङ्ग प्रमुख रश्मी रिजाललाई निजकै कार्यकक्षमा वा कार्यालय समयभित्र ४५४०५०८ (एक्स. १०१) मा सम्पर्क गर्न सकिनेछ। साथै लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन्: फोन नं. ४५४०५०८ र इमेल: sanimacapital@sanimabank.com

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

SanimaCapital

(A wholly owned subsidiary of Sanima Bank Ltd.)
केन्द्रीय कार्यालयः सममार्ग, नक्साल-१, काठमाण्डौ, फोन नं. ०१-४५४०५०८/०१-४५३६३७५/०१-४५३५९३६
Email: sanimacapital@sanimabank.com Website: www.sanima.capital

मिति २०७९/०३/२७ गतेको कारोबार दैनिकमा प्रकाशित गर्ने